DOI: 10.3126/dristikon.v16i1.95165

# किडी जियाले कर्नालीमा हाम फालिन् कथामा अभिघात

**सुभाषचन्द्र न्यौपाने, विद्यावारिधी**

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

🖂: subashneupane953@gmail.com

***Paper: Submitted: 2026-01-15, Accepted: 2026-05-17 & Published: 2026-05-29***

**लेखसार**

प्रस्तुत अध्ययनमा कथाकार महेशविक्रम शाहको 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथालाई अभिघातीय चेतनाका आधारमा विश्लेषण गरिएको छ। अभिघात जीवनमा पीडाबाट उत्पन्न घातको अवस्था हो जसलाई युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिका रूपमा लिइन्छ। कथाकार शाहको २०६३ सालमा प्रकाशित र त्यसै सालको मदन पुरस्कार प्राप्त गर्न सफल कृति *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्कलित 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथामा युद्धजन्य मानसिक आघात र जीवनका अन्य कठिन परिस्थितिहरूबाट किडि जियामा केकस्तो मानसिक अभिघात सिर्जना भएको थियो र त्यही मानसिक अभिघातीय पीडाका कारण किडी जिया किन कर्नालीमा हाल फाल्न विवश भइन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ। प्रस्तुत लेखको सामग्री सङ्कलनका क्रममा प्राथमिक सामग्रीका रूपमा कथाकार महेशविक्रम शाहको 'किडी जिया कर्नालीमा हाम फालिन्' कथालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा अभिघात सिद्धान्तसँग सम्बन्धित अनुसन्धानमूलक लेख, पुस्तक तथा शोधप्रबन्धहरूलाई लिइएको छ। सामग्री विश्लेषणका क्रममा विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोगका साथै सूक्ष्मपठन विधिको समेत प्रयोग गरी प्रस्तुत कथाका पात्रहरू कसरी अभिघातीय पीडा सहेर अभिशप्त जीवन बाँच्न विवश छन् र जीवनबाट विरक्त भएर अभिघातीय पीडाकै कारण आत्महत्या गर्न बाध्य छन् भन्ने कुरालाई समस्याकथनका रूपमा उठाई सोही प्राज्ञिक प्रश्नको समाधान गर्ने उद्देश्यले प्रस्तुत कथाको अभिघातीय विश्लेषण गरिएको छ। यही अभिघातीय पीडाले जुम्लाको संसार मरुभूमि भएका कारण प्रस्तुत कथा पूर्ण अभिघातीय चेतनाले भरिएको कथा हो भन्ने निष्कर्ष प्रस्तुत लेखको विश्लेषणबाट प्राप्त भएको छ।

*शब्दकुञ्जीः* अत्यास, छट्पटाहट, निरीहता, भय, सन्त्रास

## विषयपरिचय

कथाकार महेशविक्रम शाह (२०२२) को 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथामा निहित अभिघातीय चेतनाको खोज गर्नु नै प्रस्तुत लेखको मूल विषय हो। शाहको २०६३ सालमा प्रकाशित र त्यसै सालको मदन पुरस्कार प्राप्त कृति *छापामारको छोरो* कथा सङ्ग्रहभित्र सङ्कलित प्रस्तुत कथा अभिघातीय चेतनालाई आधार बनाई लेखिएको अभिघातीय कथा हो। कथाकार शाहले वि. सं. २०४८ सालदेखि नै कथालेखनको प्रारम्भ गरेको पाइन्छ। उनका *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६१), *छापामारको छोरो* (२०६३) र *काठमाडौंमा कमरेड* (२०६४) जस्ता कथासङ्ग्रहहरू प्रकाशित

भइसकेका छन् । लामो समयसम्म प्रहरी सेवामा संलग्न रहेका शाह २०५२ सालदेखि सशस्त्र द्वन्द्व प्रारम्भ भएपछि द्वन्द्व प्रभावित क्षेत्रमा राज्यको सुरक्षार्थ खटिएका थिए । सोही समयमा जाजरकोट, रुकुम, रोल्पा, मुगु, हुम्ला, बाँके, बर्दिया आदि क्षेत्रमा बसेर उनले द्वन्द्वलाई नजिकबाट नियाल्ने अवसर पाएका कारण सम्बन्धित द्वन्द्वग्रस्त क्षेत्रका जनताका अभाव, पीडा, यातना, क्रन्दन, भय, त्रास, आतङ्क, छट्पटी आदिलाई नियाल्ने अवसर पाएकै कारण उनका कथामा अभिघातीय पीडाको सशक्त प्रयोग भेटिन्छ । नेपालको द्वन्द्वकालीन अभिघातीय पीडा अभिव्यक्त भएका शाहका *छापामारको छोरो* कथासङ्ग्रहभित्रका विभिन्न कथाहरूका बारेमा अभिघातीय चेतनालगायत विभिन्न कोणबाट अध्ययन विश्लेषण भएको पाइए पनि 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथाको भने विश्लेषण भएको पाइँदैन ।

### समस्याकथन तथा उद्देश्य

प्रस्तुत 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथामा यहाँका पात्रहरूले केकस्तो अभिघातीय पीडा भोग्न बाध्य हुनुपरेको थियो भन्ने मूल समस्यालाई उठाई सोही समस्याको समाधान गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो ।

### अध्ययनको औचित्य

प्रस्तुत 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथाको अभिघातीय विश्लेषण गरी यस कथाले प्रस्तुत गरेको द्वन्द्वपीडित मानव समुदायको अवस्था, उनीहरूले पाएको यातना, जीवनका हरेक क्षणमा भोग्नुपरेको पीडा, छट्पटी र जीवनबाट विरक्त बनी आत्महत्या गर्न विवश मानसिकताको विश्लेषण गरिने भएकाले प्रस्तुत अध्ययनको औचित्य स्वतः स्पष्ट हुन्छ ।

### सीमाङ्कन

प्रस्तुत 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथालाई सांस्कृतिक अध्ययनका विविध कोणबाट विश्लेषण गर्न सकिने भए पनि अभिघातीय चेतनाका आधारमा मात्र विश्लेषण गर्नु यस लेखको सीमा हो । प्रस्तुत लेखमा अभिघातीय पीडा सहन नसकेर कर्नालीमा हाम फाल्न बाध्य किडी जियाको जीवनको कारुणिक अवस्थाको यथार्थ विश्लेषण गरिने भएकाले प्रस्तुत लेखको उपादेयता रहेको कुरा स्वतः स्पष्ट हुन्छ ।

### पूर्वकार्यको समीक्षा

कथाकार महेशविक्रम शाहका कथाका बारेमा विभिन्न कोणबाट अध्ययन विश्लेषणहरू भएको पाइन्छ तर *छापामारको छोरो* कथासङ्ग्रहभित्र रहेको 'किडि जियाले कर्नालीमा हाम् फालिन्' कथाका बारेमा भने अभिघातपरक अध्ययन हुन सकेको छैन । कथाकार शाहका कथाहरूका बारेमा यस अध्ययन पूरा भएका पूर्वकार्यहरूको समीक्षा गरी हालसम्म अध्ययन हुन बाँकी रहेको 'किडी जियाले कर्नालीमा हाम् फालिन्' कथामा केकस्तो अभिघातीय पीडाको अभिव्यक्ति भएको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । हालसम्म महेशविक्रम शाहका कथाहरूका बारेमा भएको पूर्वकार्यहरूलाई क्रमशः प्रस्तुत गरिएको छः

गोविन्दराज भट्टराई (२०६४) ले *उत्तर आधुनिक विमर्श* नामक कृतिमा नेपाली साहित्यका उत्तरआधुनिक साहित्यिक रचनाहरूको चर्चाका क्रममा महेशविक्रम शाहका कथाका बारेमा टिप्पणी गरेका छन् । दश वर्षसम्म देशले भोगेको दुर्दान्त कथा नदेख्नेहरूका लागि यी केवल दन्त्य कथाझैँ लाग्न सक्छन् तर यी कथाले बोकेको दुःख र दर्दका चित्रहरू न काल्पनिक हुन्, न सपनाका कुरा, न धेरै टाढा परदेशका सन्दर्भ, यी कथाहरू त आफ्नै आँगन छरछिमेक दाजुभाइ र दिदीबहिनीहरूले भोगेका यातना, तनाव, पीडा र साङ्घातिक हमलाका कारण अपूरणीय क्षति र मृत्युका कथाहरू हुन् भन्ने कुरा भट्टराईको विश्लेषणमा उल्लेख

गरिएको पाइन्छ। गोविन्दबहादुर मल्ल गोठाले (२०६६) ले *छापामारको छोरो* कथा सङ्ग्रहको भूमिकामा नेपाली साहित्यको आकाशमा महेशविक्रम शाहका द्वन्द्व कथाहरूले नेपाली साहित्यलाई धेरै माथि उठाएका छन् भन्ने विचार प्रस्तुत गरेका छन्। मोहनराज शर्मा (२०६९) ले महेशविक्रम शाहको *सिपाहीकी स्वास्नी* कथासङ्ग्रहको भूमिकामा महेशविक्रम शाहका कथाहरूमा जीवनका मर्मस्पर्शी क्षणहरूको संवेदनशील यथार्थ अनुभूति पोखिएको हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्। टंकप्रसाद भट्टराईले 'गाउँमा गीतहरू कुन्जिदैनन् कथामा अभिघात' शीर्षकको लेखमा महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुन्दैनन्' कथामा केकस्ता अभिघातीय पीडाहरूको अभिव्यक्ति प्रकट भएको छ भन्ने कुराको विश्लेषण गरेका छन्।

कथाकार महेशविक्रम शाहका कथाहरूका बारेमा माथि प्रस्तुत गरिएका टिप्पणी तथा विश्लेषणहरूमा शाहका कथाहरू नेपाली द्वन्द्वकालीन समयका अभिघातीय पीडामा आवद्ध कथा हुन् भन्ने कुराको सन्दर्भ उठाइएको भए पनि उनको 'किडी जियाले कर्नालीमा हाम् फालिन्' कथामा केकस्तो अभिघातीय चेतनाको अभव्यक्ति भएको छ भन्ने विषयमा अध्ययन नभएको नपाइएकाले सोही शोधरिक्तता पूरा गर्नका लागि यो लेख तयार पारिएको हो।

## शोधविधि तथा सामग्री

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आबद्ध रहेको छ। 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथाको अभिघातीय विश्लेषण गर्ने क्रममा मुख्य रूपमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ। यस अनुसन्धानमा प्राथमिक सामग्रीका रूपमा कथाकार महेशविक्रम शाहको *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्कलित 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा अभिघात सिद्धान्तसँग सम्बन्धित सामग्रीहरूको उपयोग गरिएको छ। प्रस्तुत कथाको अभिघातीय विश्लेषणका क्रममा कथामा निहित पात्रहरूको अवस्था तथा चेतनाका स्तरमा आधारित भएर गुणात्मक तथ्यका आधारमा व्याख्या, विश्लेषणात्मक तथा सूक्ष्मपठनविधिको समेत उपयोग गरी निष्कर्ष निकालिएको छ।

### सैद्धान्तिक अवधारणा

युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई अभिघात भनिन्छ। विशेषतः युद्धसाहित्यलाई विश्लेषण गर्ने सिद्धान्त नै अभिघात सिद्धान्त हो। विश्वयुद्धको विभीषिकाको परिणामस्वरूप पश्चिममा युद्धसाहित्य जन्मिएको हो गौतम (२०६६, पृ. ५५)। भय र आतङ्कबाट उत्पन्न हुने शारीरिक एवम् मानसिक विचलनका अनेक स्थितिहरू हुन्छन् र तिनै स्थितिलाई अभिघात शब्दले बोध गराउँछ। यो एक प्रकारको पक्षाघातको विस्मृतिको स्थितिमा पुऱ्याउने अवस्था हो (भट्टराई,२०६४, पृ. ५)। यिनै पीडाहरू भएको साहित्य अभिघात साहित्य हो भने यस किसिमको साहित्यलाई विश्लेषण गर्ने सिद्धान्त वा समालोचना नै अभिघात समालोचना हो। पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा देखापरेको उत्तर आधुनिक समालोचनाको बहुलवादी अवधारणाअन्तर्गत नवदृष्टिकोणका साथ देखापरको अवधारणाका रूपमा अभिघातलाई दिइन्छ। *नेपाली बृहत् शब्दकोश*ले अभिघात शब्दलाई "१.कारमार, प्रहार, आघात, २. कसैप्रति आक्रमण, हमला, ३. व्यापारिक प्रतिष्ठा, ४. अतिप्रेरणा, ज्यादै झिझ्याहट, ५. दुई पक्ष बिचको द्वन्द्वमा तेस्रो पक्ष पीडित भएको अवस्था" (२०७६, पृ. ६१) जस्ता पाँच अर्थमा अर्थ लगाएको पाइन्छ। यी पाँच अर्थमध्ये पहिलो दोस्रो र पाँचौं अर्थसँग अभिघात साहित्यसिद्धान्त सम्बन्धित छ। मोहनराज शर्माका अनुसार अभिघात (ट्रौमा) भनेको मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूति हो (२०६६, पृ.६२)। निर्दोष मान्छेलाई अनेक भय,

आतङ्क दिनु, अङ्गभङ्ग गरिदिनु, अपहरण गर्नु, लुटपाट गर्नु जस्ता घटनाले साहित्यमा अभिघातपरक अवस्थाको सिर्जना हुन्छ (कोइराला, २०६८, पृ.२६६)।

अभिघात शब्दले युद्धजन्य पीडाका अतिरिक्त अपहरण, धम्की, अङ्गभङ्ग, आतङ्क, हत्या, बलात्कार एवम् मृत्युका भयहरूलाई समेत सङ्केत गरेको हुन्छ। अभिघात साहित्यले समाजमा भएका मानसिक र शारीरिक रूपले अशक्त मान्छेहरूलाई र अभिशप्त जीवन बाँच्न बाध्य व्यक्तिहरूका मानसिकतालाई आफ्ना रचनाको विषयवस्तु बनाएको हुन्छ। यस्ता साहित्यको अध्ययन अनुसन्धान र विश्लेषणका लागि अघि सारिएको उत्तर आधुनिक समालोचना पद्धतिको एउटा समालोचना सिद्धान्त नै अभिघातीय समालोचना सिद्धान्त हो। अभिघात एक किसिमको घातको अवस्था हो। यो स्थिति व्यक्तिजीवनका घातप्रतिघातबाट, युद्धजन्य मानसिक तनावबाट, विचारको द्वन्द्वबाट, राजनैतिक विचारधाराबाट, कुनै अप्रत्याशित दुर्घटना तथा आतङ्क आदिबाट मानवीय जीवनमा आइपर्ने एक कठिन परिस्थिति हो। यो प्रत्येक व्यक्तिमा फरक फरक रूपमा प्रस्तुत हुनसक्छ। अभिघात हिंसा, त्रास र करुणाका बाह्य तथा आन्तरिक दुवै किसिमका प्रतिक्रियाहरूको प्रतिफल हो। अभिघातले भौतिक तथा आत्मिक कुनै पनि माध्यमबाट मान्छेमा पर्न सक्ने चोटको प्रकटीकरणको स्थितिलाई बोध गराउँछ। एकातिर अभिघात ठुलाठुला युद्ध द्वन्द्व तथा हिंसाका घटनासँग जोडिएको हुन्छ भने अर्कातिर ससाना अन्तर्घात, मर्मान्तिक चोट आदिसँग सम्बन्धित हुन्छ। मान्छेका मनभित्र चल्ने अन्तर्द्वन्द्व, अन्तर तरङ्गमा उब्जिने जलन, पीडा, दुःख, लडाई, झैझगडा, युद्धका कारणबाट उब्जिएको शारीरिक तथा मानसिक अपाङ्गको अवस्था नै अभिघातीय अवस्था हो (अधिकारी, २०६९, पृ.२५)। अभिघात चेतना उत्पन्न गर्न अज्ञात भयको ठुलो भूमिका हुन्छ। अभिघातीय साहित्यको अध्ययन र विश्लेषणका लागि भयपूर्ण स्थितिमा परेर सताइएका, भयपूर्ण स्थिति भोगेका, बेपत्ता पारिएका, थुनिएका, विस्थापित बनाइएका, त्राहि त्राहि रूपमा बाँच्न बाध्य पारिएका पात्रहरूको आवश्यकता पर्दछ। व्यक्तिमा अभिघातीय चेतना विभिन्न कारणले उत्पन्न भएको हुन्छ। युद्धका कारणबाट, आफन्तको मृत्युबाट, व्यक्तिगत एवम् पारिवारिक समस्याबाट, लागु पदार्थको दुर्व्यसनबाट, बलात्कारजन्य हिंसाका कारणबाट व्यक्तिमा अभिघातीय चेतना उत्पन्न भएको हुन्छ। यसैको विश्लेषण अभिघात सिद्धान्तले गर्दछ।

विश्वसाहित्यमा दोस्रो विश्वयुद्धको विभीषिकापछि अभिघातीय चेतनाले साहित्यमा प्रवेश पाए पनि नेपाली साहित्यमा भने वि सं २०५२ सालदेखिको सशस्त्र द्वन्द्वजन्य परिस्थितिबाट अभिघातीय साहित्य सिर्जना हुन थालेको हो। द्वन्द्वजन्य साहित्यले त्रासदीय अवस्थालाई आधार मानेर लेखिएका अभिघातीय साहित्यको विश्लेषण गर्ने अभिघातीय समालोचनाको विकास पश्चिममा धेरै पहिलादेखि भएको पाइए पनि नेपाली साहित्यमा यस समालोचना प्रणालीको प्रारम्भ साठीको दशकपछि मात्र भएको देखिन्छ। गोविन्दराज भट्टराईको *उत्तर आधुनिक विमर्श*ले अभिघातीय समालोचनाको गोरेटो तयार भएको देखिन्छ। अभिघातीय चेतनाबाट प्रभावित साहित्यको सिर्जना धेरै पहिलेदेखि हुँदै आएको पाइए तापनि यसबारेको बहस खासगरी सशस्त्र द्वन्द्वपछि लेखिएका साहित्यमा अभिघातीय चेतनाको व्यापक प्रयोग भएको भेटिन्छ। महेशविक्रम शाह, ऋषिराज बराल लगायतका कथाहरूमा अभिघातीय चेतनाको सशक्त प्रयोग भेटिन्छ भने नारायण वाग्लेका उपन्यासहरू, केही फुटकर कविताहरूका साथै कवि घनश्याम कँडेलको *धृतराष्ट्र* खण्डकाव्यमा पनि अभिघातीय चेतनाको प्रयोग पाइन्छ। प्रस्तुत लेखमा कथाकार महेशविक्रम शाहको 'किडी जियाले कर्नालीमा हाम फालिन्' कथामा प्रयुक्त अभिघातीय चेतनाको विश्लेषण गरिएको छ।

## परिणाम तथा छलफल

**किडी जियाले कर्नालीमा हाम फालिन् कथाको अभिघातीय विश्लेषण**

कथाकार महेशविक्रम शाहको चौथो कथा सङ्ग्रह *छापामारको छोरो* कृतिभित्र सङ्कलित 'किडी जियाले कर्नालीमा हाम फालिन्' अभिघातीय चेतनाले भरिएको कथा हो। प्रस्तुत कथा सङ्ग्रहभित्र २०५२ सालदेखि २०६२ सालसम्म नेपालमा चलेको माओवादी सशस्त्र द्वन्द्व र त्यसबाट भयाक्रान्त नेपाली समाजका विभिन्न पक्षहरूको चित्रण गरिएको छ। जसमध्ये प्रस्तुत कथामा नेपालको हिमाली जिल्ला हुम्लाको परिवेशमा आधारित भई त्यस क्षेत्रमा सशस्त्र द्वन्द्वका कारण नेपाली जनताहरूले केकस्तो अभिघातीय पीडा सहन बाध्य हुनुपरेको थियो भन्ने कुरालाई प्रस्तुत गरिएको छ।

**प्रमुख पात्रले भोगेको अभिघातीय पीडा**

'किडी जियाले कर्नालीमा हाल फालिन्' कथाकी प्रमुख पात्र नै किडी जिया हुन्। उनी माओवादी द्वन्द्वका कारण हुम्लाको जाजरकोटबाट विस्थापित भई आफ्नो चौधपन्ध्र वर्षको छोरो नरमानका साथ रित्तो हात लिएर सदरमुकाम सिमीकोट झरेकी छन्। म पात्रले आफू विस्थापित भई गाउँ छोडेर आएको दुई वर्षपछि सदरमुकाम झरेकी किडी जियाको अभिघातीय पीडालाई कथामा यसरी प्रस्तुत गरिएको छ- "उनी आँसु रित्तिएर, सुक्खा आँखा, भक्कानो छुट्दाछुट्दा, अवरुद्ध भएको गला, भय र त्रासले थिलथिलो भएको शरीर लिएर आइपुगेकी थिइन्" (पृ. १०५)। किडी जिया आफ्नो गाउँमा मानसिक यातना सहन नसकेर सदरमुकाम झर्न बाध्य भएकी छन्। गाउँबाट विस्थापित हुनुपर्दा गाउँको मायाले रुँदारुँदा उनका आँखामा आँसु सिद्धिसकेका छन्। गाउँमा बस्दाको भय र त्रासले उनको शरीर थिलथिलो भएको छ र उनको गला रुँदारुँदा अवरुद्ध भएको छ। किडी जियाको यो अवस्था अभिघातीय पीडाको चरम अवस्था हो। आफ्नो घरबार वस्तुभाउ, खेतीपाती आदि सबै कुरा चटक्क छाडेर हिँड्नुपर्दा किडी जियामा मानसिक आधात परेको छ। कहिल्यै निको नहुने पीडाले उनी आक्रान्त बनेकी छन्। मरिन्छ र मार्छन् भन्ने अभिघातीय त्रासमा छट्पटाई छट्पटाई गाउँबाट विस्थापित हुनुले किडी जियाको यो अवस्था अभिघातीय चेतनाले भरिएको अवस्था हो भन्न सकिन्छ।

आफ्नो गाउँबाट विस्थापित भएर सदरमुकाम सिमीकोट झर्दा सहारा कोही नभएर म पात्रको डेरामा आएकी किडी जियालाई म पात्रले आफूले मजदुरी गरेर ल्याएको फापरको पिठो र गुन्द्रुकको झोल खान दियो तर किडी जियाको हात मुखमा गएन। आफ्नो घरमा पालेका गाईबाख्रा, भोटे कुकुर आदिलाई सम्झेर उनी डाको छाडेर रोएको सन्दर्भमा अभिघातीय पीडाको चित्कार प्रकट भएको छ। किडी जियाले ढिंडो खान छाडेर एकोहोरो गाउँ सम्झँदै रोएको निम्नलिखित सन्दर्भमा अभिघातीय पीडा प्रकट भएको छ- "ओ मेरी प्याउली गाई, तोकन कन्ने घान्स हाल्यो होला। ओ मेरा लमकन्ना बाख्रा, तोकन कन्ले गोठबाट मुकाल्यो होला। ओ मेरा मार्के भोटेकुकुर, तोकन कन्ले कलो दियो होला। किडी जिया ढिंडोमा हात डुबाएको ढुबायै डाँको छोडिरहेकी थिइन्" (पृ. १०६)।

थालमा पस्किएको ढिंडोको गाँस मुखमा नपस्दै किडी जियालाई घरमा पालिएका वस्तुभाउहरूको सम्झनाले चरम पीडा दिएको छ। प्याउली गाईलाई कसले घाँस दियो होला, खोरमा थुनिएका लामकाने बाख्राहरूलाई कसले फुकायो होला, सधैं घरको रेखदेख गर्ने भोटे कुकुरलाई कसले खोले दियो होला भनेर भक्कानो छाडेर किडी जियाले अभिघातीय पीडालाई आँसुमा पोखेकी छन्। आन्तरिक द्वन्द्वको मारमा परेर घरबार सबै छाडेर विस्थापित हुनुपर्दा घरभरि रहेका गाईबाख्रा, भोटेकुकुर सबैलाई किडि जियाले छोड्नु परेको छ। आफ्नै आश्रयमा बाँचेका ती निरिह प्राणीहरूलाई त्यसरी अलपत्रै छाडेर हिँड्नुपर्दाको विह्वल मानसिकता

अत्यन्त हृदयविदारक र कहाली लाग्दो छ । यही हृदयविदारक तथा कहाली लाग्दो अभिघातीय पीडा भोग्न किडी जिया विवश बनेकी छन् ।

अभिघातीय मानसिक आघात परेपछि मानिस विपनामा मात्र होइन सपनामा पनि त्यही मानसिक पीडा लिएर छट्पटाइरहेको हुन्छ । म पात्रको डेरामा सुतेकी किडी जिया सपनामा बरबराइरहको सन्दर्भबाट मानिसको शरीर एक ठाउँ भए पनि उसको मनमस्तिष्क आफ्नै घरको परिवेशमा घुमिरहेको हुन्छ भन्ने कुरा निम्नलिखित कथांशले पुष्टि गरेको छ -"किडी जियाको बरबराहटले मेरो निद्रा खलबलिएको थियो । आफ्नो अचेत बरबराहटमा उनी आफ्नो घर, गाउँ, पानी पँधेरो, खेतगरा, वनपाखा, कुलाकुलेसा र वस्तुभाउका बारेमा बोलिरहकी थिइन् । शारीरिक रूपमा उनी मेरा अगाडि भुइँमा पल्टिरहेकी थिइन् तर मानसिक र आत्मिक रूपमा उनी आफ्नो गाउँमै हराइरहेकी थिइन्" (पृ. १०६) । म  पात्रको डेरामा निदाइरहेकी किडी जिया निद्रामा नै बरबराउँदै आफ्नै गाउँघर, पानीपँधेरो, खेतगरा, वनपाखा, कुलोकुलेसो, वस्तुभाउ आदिका बारेमा बोलिरहेकी थिइन् । मानिस द्वन्द्वको मारमा परेर आफू बच्नका लागि विस्थापित हुन सक्छ तर उसको घरमा पालेका वस्तुभाउ र गाउँघरलाई नै उठाएर लान सक्दैन । जसका कारण मानिस आफू जहाँ पुगे पनि त्यही गाउँघरको सम्झनाले आहत बनी अभिघातीय पीडा भोग्न विवश बनिरहेको हुन्छ भन्ने कुरा माथिका अभिव्यक्तिहरूले पुष्टि गरेका छन् ।

सदरमुकाममा डेरा लिएर बसेकी किडी जिया दिनभर मजदुरी गरेर थकित भए पनि जब डेरामा फर्किन्थिन् तब उनलाई आफ्नै गाउँघरको सम्झनाले पीडा दिन्थ्यो । उनी प्रायः हरेक रात आफ्नै गाउँको परिवेश सम्झिएर भक्कानो फुटाउँथिन् तर पनि उनले आफ्नो गाउँ फर्कन पाउने र त्यही गाउँमा रमाउन चाहने उनको उत्कट अभिलाशा पूरा हुने कुनै सङ्केत थिएन । यसै सन्दर्भलाई कथाकारले निम्निलिखित अभिव्यक्तिहरूमा यसरी प्रस्तुत गरेका छन्- "उनी साँझ लखतनार भएर घर फर्कन्थिन् । खाना खाएर बिछ्यौनामा पल्टिने बित्तिकै उनको मनमस्तिष्कमा आफ्नो गाउँको सम्झना ताजा भएर आउँथ्यो । उनी आँखा चिम्म गरेर आफ्नो गाउँघरको बात गर्न सुरु गर्थिन् । "घर कस्तो भयो होला ? गोठमा बाँधेका गाईगोरु के भए होलान् ? रातभर गाउँ उराल्दै भुक्ने भोटेकुकुर के गर्दै होला ? बारीमा रोपेको आलुलाई दुम्सीले उधिनेर खाइसक्यो होला कि, खेत गरामा अन्नका बोटहरू हलक्क बढे होलान्, आदिआदि" (पृ.१०८) । आफूले वर्षौं उपभोग गरेको आफ्नो जीवनको प्रायः सम्पूर्ण समय खर्चिएको घर कस्तो भयो होला, आफूले आफ्नै छोराछोरी जस्तै माया गरेर पालेका गाईगोरुहरू के भए होलान्, आफनो घरको सधैं रेखभाल गर्ने र गाउँभरि भुक्तै हिँड्ने भोटेकुकुर के गर्दै होला, बारीमा रोपिएका बोटबिरुवा, सागपात आदिलाई जङ्गली जनावरहरूले समाप्त पारे होलान् भन्ने पीडाले किडी जियालाई हरेक साँध तड्पाउने गर्छ । ती आफूले छाडेका वस्तुहरूप्रतिको अद्भुत आकर्षण उनीबाट कहिल्यै हट्न सकेको छैन र हट्नेवाला पनि छैन । यही मानसिक अभिघातीय पीडासँगै अभिशप्त जीवन बाँच्न विवश नारी चरित्रका रूपमा किडी जिया उपस्थित भएकी छन् ।

अभिघातीय पीडा सहेर बाँच्न विवश द्वन्द्वपीडितहरू कतैबाट केही न केही उपाय लाग्छ कि केही सहयोग पाइन्छ कि भन्ने आशामा बाँचेका हुन्छन् । उनीहरू लामो समयसम्म एकछाक खानसम्म नसकी भोको पेट लिएर आश्वासनका पोका बाँड्नेहरूका सामु आफ्ना पीडा ओकलिरहेका हुन्छन् तर ती पीडाहरूलाई केवल क्यामरामा कैद गरेर जानेहरूले कहिल्यै पनि अभिघातीय पीडा सहेर बाँचेकाहरूलाई सहयोग गरेनन् भन्ने कुरालाई कथाकारले यसप्रकार प्रस्तुत गरेका छन्- "उनी आफू वरिपरि झुम्मिने सुकिला गोराहरूका क्यामेरा अगाडि उभिएर, गहभरि आँसु पार्दै आफ्नो कथाव्यथा पोखिरहन्थिन् । गोराहरू मैलोले लट्टा परेको उनको कपाल, चाउरीले गुजुल्टिएको उनको अनुहार, आँसु झर्दै गरेका उनका आँखा, हिक्का छोडिरहेको उनको गला, दसतिर

टालाले टालिएको र धुजाधुजा बन्न लागेको उनको लुगा र महिनौं दिन ननुहाएर डुङडुङती गनाइरहेको उनको रुग्ण शरीरलाई विभिन्न कोणहरूबाट क्यामेरामा कैद गर्दै उनलाई सहयोग गर्ने बाचा गर्थे" (पृ. १०९) । आश्वासनका पोका बोकेर आएका मानिसहरूको अगाडि उभिएकी किडी जियाको यो अवस्था अत्यन्त हृदयविदारक छ । उनको शरीरमा न सद्दे लुगा छ, न तागत छ । कैयौं दिनदेखि पेटभर खान नपाएर शरीरलाई ढाक्न नपाएर जसोतसो सास मात्र अड्याएर बाँचिरहेकी किडी जियाको यो अवस्था अभिघातीय पीडाको चरम अवस्था हो । जुन पीडा सहनुको विकल्प किडी जियासँग छैन । तसर्थ प्रस्तुत कथाकी किडी जिया घरबार, परिवार, आफन्त र आफ्ना सबै सबै प्रियवस्तुहरू गुमाएकी अभिघातीय चरित्र हुन् ।

गाउँबाट विस्थापित भई सदरमुकाममा बसेकी किडी जियाको एक मात्र बाँच्ने सहारा छोरो नरमान थियो तर त्यो पनि अचानक एक दिन कसैलाई केही थाहै नदिई बेपत्ता भएपछि किडी जियाको बाँच्ने आशा मर्दै गयो । "एक्ली आमाकन छाडी तो काँ गई लाटा" (पृ.११०) भन्दै किडी जिया पीडामा पिल्सिन थालिन् । उनलाई आफ्नो गाउँघर, खेतीपाती, वस्तुभाउभन्दा पनि छोराको पीरले बढी सताउन थालेको थियो । एकातिर आफ्नो घरबार, सारा सम्पत्ति अलपत्रै छोडेर विस्थापित हुनुपर्दाको पीडा थियो भने अर्कोतिर एक मात्र छोरो नरमान पनि बेपत्ता भएपछि उनको हृदय पीडाबोधले भत्भती पोल्न थाल्यो । उनमा जीवनप्रतिको आशा क्रमशः हराउँदै जाँदै थियो भने एक छाक खानका लागि उनी सकीनसकी मजदुरी गरिरहेकी थिइन् । जतिसुकै कष्ट सहेर पनि बाँचिएछ भने एक न एक दिन गाउँ फर्कन पाइन्छ भन्ने ठुलो आशामा किडी जिया आफ्नो जीवन रथलाई गुडाइरहेकी थिइन् । कहिले ढुङ्गा बोकेर, कहिले गिटी कुटेर, कहिले होटलमा जुठा भाँडा माझेर उनले आफ्नो जीवनलाई घिसारिरहेकी थिइन् तर उनले आशा गरेअनुसार गाउँ फर्कन पाउने वातावरण कहिल्यै बनेर । किडी जियाले भोगेको यो जीवनको कहालीलाग्दो अवस्था युद्धजन्य त्रास र अभिघातीय पीडाकै उपज हो ।

हुम्लामा खडेरी परेर भोकमरी सुरुभएपछि किडी जियाले त्यस ठाउँमा जीवन धान्न नसक्ने ठानेर अचानक विद्रोहीसँग गाउँ जाने वातावरण मिलाइदिन अनुरोध गर्न जाने निधो गरिन् । उनी विद्रोही भएको ठाउँ जङ्गलमा भइन् तर उल्टै तिनको आशा विपरीत विद्रोहीबाट उनलाई केरकार गर्दै राखियो । न उनले गाउँ फर्कने अवसर पाइन् न गाउँको हालखबर पाइन् । त्यहाँबाट पनि केही उपाय नलागेपछि सदरमुकाम नै फर्किएकी किडी जिया विषादमा डुबेर रहन थालिन् । उनमा अब कुनै आशा र कल्पना बाँकी थिएनन् । उनी नित्य शून्यमा टोलाइरहन्थिन् । म पात्रसँगै बस्दै आएकी उनी अचानक एक दिन डेराबाट हराइन् । म पात्रले धेरैतिर खोज गर्यो तर केही पत्ता लागेन । म पात्रले खोजी गरिरहेकै अवस्थामा म पात्रलाई किडी जियाले कर्णालीमा हाम फालिन् भन्ने खबर आयो । म पात्र कर्णालीको किनारमा गएर हेर्दा उनको मृत शरीर आफ्ना सम्पूर्ण दुःखहरूलाई बिर्सिएर हलुङ्गो पिण्ड बनी कर्णालीको पानीमाथि तैरिरहेको थियो ।

प्रस्तुत कथामा किडी जियाले भोगेको पीडा दुःख र यातना सामान्य जीवन भोगाइको यातना र दुःख होइन । कष्टपूर्ण जीवन भोगाइबाट पनि जीवन धान्न नसकेर तथा आफ्ना अभिघातीय पीडामा कुनै कमी नआएपछि किडी जियाले कर्णालीमा हाम फालेर जीवन समाप्त पारेकी छन् । यस्तो अवस्थाको सृजना हुनु भनेको युद्धजन्य मानसिक पीडाबाट आहत बनी मानिसले जीवनलाई भन्दा मृत्युलाई बढी माया गर्नु हो । यो अभिघातको चरम अवस्था हो । मानिसमा जीवनप्रतिको चर्को आशा र भविष्यका सुन्दर कल्पना सबै समाप्त भएपछि व्यक्तिले मृत्युको बाटो रोज्छ । मृत्यु सहज छैन तर जीवन मृत्युभन्दा पनि त्रासद भएपछि, बाँच्ने सम्पूर्ण प्रयासहरू निरर्थक भएपछि, जीवन असहाय भइसकेपछि मानिसले दुःखबाट मुक्तिको एउटै उपाय आत्महत्याको बाटो देख्छ

। त्यही आत्महत्याको बाटो अँगाल्न विवश नारी चरित्र किडी जिया पूर्ण अभिघातीय पीडाले क्षतविक्षत बनी जीवन समाप्त पार्न अभिशप्त नारी चरित्र हुन् ।

**सहायक पात्रले भोगेको अभिघातीय पीडा**

'किडी जियाले कर्नालीमा हाम फालिन्' कथाको सहायक पात्र म हो । उसैको आत्मलापका आधारमा प्रस्तुत कथाको कथानक अगाडि बढेको छ । म पात्र पनि हुम्लाको दुर्पा गाउँबाट सशस्त्र द्वन्द्वका कारण विस्थापित भएको चरित्र हो । दुःखसुख गरी विकट गाउँमा जीवन व्यतीत गरिरहेको म पात्रको परिवारमा एक दिन दशबाह्र जना विद्रोहीहरू आएर रात बसे र उनीहरूले म पात्रका साथै म पात्रका भाइबहिनीहरूलाई सँगै लिएर हिंड्ने कुरा गरे । आमाबुबाको आशा र भरोसाको केन्द्र म पात्र विद्रोहीहरूसँग नगए हुन्थ्यो भन्ने आमाबुबाहरूको आशय बुझेर म पात्र राति सबै सुतेका बेला घरपरिवारलाई छाडेर विद्रोहीहरूसँग भागी सरदमुकाममा विस्थापित भई बसेको छ । सरदमुकाममा आएर बसे पनि म पात्र बारम्बार घरको सम्झनाले आहत बनेको छ । आफ्ना भाइबहिनीहरूलाई विद्रोहीहरूले लिएर गएपछि आफ्ना बुढाबुढी आमाबाको हातल के भयो होला भन्ने कुराले म पात्र छट्पटाई छट्पटाई बाँच्न विवश छ । म पात्र आफूलाई जे भए पनि किडि जियाको गाउँ फर्कने अभिलासा पूरा होस् भन्ने उसको भित्री चाहना थियो । जसोतसो पीठाको खोले पकाएर भए पनि किडी जियाको आँत भर्ने प्रयास म पात्रले गरिरहेको थियो ।  म पात्रले आफूले किडि जियाका लागि गरेको सङ्घर्षलाई कथामा यसरी प्रस्तुत गरिएको छ "जसो तसो ढिँडो खुवाएर किडि जियाको पेट भरिरहेको थिएँ । केही दिनपश्चात् पीठो पनि सिद्धियो । अब मेरो कोठामा अन्नका नाममा कोदाको एक गेडा पनि बचेको थिएन । हामीहरू अब भोकभोकै मर्नुपर्ने  सन्तापले पिल्सिन थालेका थियौँ " (पृ.१११) । मानिस बाँच्नका लागि जस्तोसुकै कठिन काम गर्न पनि तयार हुन्छ तर जब कुनै पनि काम गर्न पाएन तब मानिस भोकभोकै मर्ने चिन्ताले आफैँ मरेतुल्य हुन्छ । यही नियति म पात्र र उसको सहारामा बसेकी किडी जियाले अनुभव गरेका छन् । यो अभिघातीय पीडा म पात्रको मात्र होइन आफूसँग आफ्नै आश्रयमा बाँचेकी किडी जियाको गाउँ फर्कने आशाको डोरो नचुडुन्जेल उसको प्राण बचोस् भन्ने चाहनाको पीडा पनि हो । जतिसुकै भयभीत भए पनि मानिस भोलिको सुन्दर कल्पनामा बाँचेको हुन्छ । पुराना घाउहरूमा बिस्तारै खाटा बस्दै जान्छन् । जीवनमा नयाँ नयाँ घाउहरू थपिँदै जान्छन् । विद्रोहीबाट आक्रान्त जीवन राज्यबाट पनि सुरक्षित भएको सन्दर्भ किडी जिया हराउँदा म पात्रले प्रहरीमा गरेको उजुरी र प्रहरीहरूको कारुणिक अवस्थाबाट प्रकट भएको छ । आफ्नो ज्यानको सुरक्षाका लागि तारबारभित्र सीमित प्रहरी प्रशासन सामान्य जनताको सुरक्षा गर्न सक्ने अवस्थामा देखिँदैन । न व्यक्ति स्वतन्त्र भएर बाँच्न पाएको छ न राज्यबाट कुनै सुरक्षाको प्रत्याभूति छ । न समाज र गाउँ भयमुक्त छ । यी सबै मनोदशाबाट गुज्रिएको म पात्र गाउँबाट भागेर ज्यानसम्म बचाउन सफल भए पनि उसले आफू सधैँ असुरक्षित रहेको हमसुस गरेकाले ऊ अभिघातीय पीडा र यातनामा बाँच्न विवश चरित्रका रूपमा देखापर्छ ।

**समूहले भोगेको अभिघातीय पीडा**

प्रस्तुत कथामा व्यक्ति पात्रहरूले मात्र नभएर समूहले नै अभिघातीय पीडा भोगेका छन् । हुम्लाको जाजरकोट दुर्पा लगायतका गाउँहरूबाट युद्धजन्य अभिघातीय पीडा सहन नसकेर सदरमुकाम सिमीकोटमा आएका मानिसहरूको समूह नै अभिशप्त जीवन बाँच्न बाध्य छ । सशस्त्र द्वन्द्वका कारण हुम्लाबासीहरू हरेक दिन गाउँ छाड्न बाध्य छन् । कोही गाउँबाट सदरमुकामसम्म विस्थापित हुन्थे भने कोही ठुलाठुला सहरसम्म र कोही देशै छाडेर विस्थापित भइरहेको सन्दर्भलाई कथाकारले यसरी प्रस्तुत गरेका छन्- "गाउँमा सशस्त्र द्वन्द्वको मार बढ्दै गएपछि गाउँ छोडी सदरमुकाम सिमीकोट झर्नेको सङ्ख्या दिनहुँ बढ्दै गइरहेको थियो । सयौंको सङ्ख्यामा गाउँलेहरू सदरमुकाममा डेरा जमाई सकेका थिउ । पैसा हुनेहरू घर भाडामा लिई बसेका थिए । पैसा नहुनेहरू

कसैको शरणमा बसेका थिए भने देश छाडी मुगलान जान खोज्नेहरूको पनि कमी थिएन। कोही हजाइजहाजमा त कोही पैदलै हिँडेर हूलका हूल नेपालगन्जतिर हानिइरहेका थिए" (पृ. १०५)। हुम्लाका मानिसहरू हूलका हूल गाउँ छाड्न बाध्य भएका छन्। सशस्त्र द्वन्द्वको मारमा परेर घरबारविहीन भएका हुम्लाबासीहरू कोही सदरमुकाममा, कोही नेपालगन्जसम्म त कोही देशै छाड्न बाध्य भएको यस सन्दर्भले अभीघातीय पीडा कति कठोर हुन्छ, आफूले वर्षौंसम्म उपयोग गरेको घरबार खेतीपाती आफन्त र सम्पूर्ण चलअचल सम्पत्ति तथा वस्तुभाउलाई चटक्क माया मारेर सधैँका लागि विस्थापित हुनुपर्दाको मानसिक आघात अभिघातीय पीडाको कहालीलाग्दो क्षण हो। यही कारुणिक मनोदशाबाट हुम्लीहरू गुज्रिरहेकाले प्रस्तुत कथा अभिघातीय चेतनाले भरिएको उत्कृष्ट कथा हो भन्ने कुरा स्पष्ट हुन्छ।

हुम्ला जिल्लाको विभिन्न गाउँका प्रायः हरेक घरबाट युवायुवतीहरू बन्दुर बोकेर विद्रोहीसँगै जङ्गल पस्नुपर्ने वाध्यता भएका कारण सयौंको सङ्ख्यामा प्रत्येक दिन युवायुवतीहरू गाउँबाट विस्थापित हुँदै छन्। विस्थापित भएकाहरू कोही आफन्तहरूका डेरामा घरमा शरण परेका छन् भने केही देशै छोडिरहेका छन्। हुम्लाको सदरमकुममा बसेकाहरूको जीवन त्यहाँको खडेरीले सङ्कट ग्रस्त भएको छ। हुम्लामा खडेरी परेपछि धेरै हुम्लेलीहरू खान नपाई मर्न लागेको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ- "भोकमरीले खान नपाई भोकले मर्ने बच्चा र बूढाहरूको सङ्ख्या बढ्न थाल्यो। सदरमुकाममा पनि फाट्टफुट्ट मान्छेहरू भोकले आँत सुकेर मर्न थाले" (पृ.१११)। यसरी विस्थापितहरूले ज्यान गुमाउन थालेपछि सरकारले राहतका नाममा चामलका बोरा ल्याउँदा सिमीकोटमा देखिएको दृश्य कारुणिक, कहालीलाग्दो र अत्यन्त दयनीय छ। चामलका बोरा बिसाएर हेलिकप्टर धुलो उडाउँदै बाटो लागेपछि त्यहाँका भोका मानिसहरूले चामल प्राप्तिका लागि गरेको सङ्घर्ष र त्यहाँको वास्तविक अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ- "हवाइजहाजले धूलो उडाउँदै आफ्नो बाटो समातेपछि विमानस्थलमा अनौठो दृश्य देखियो। तारबाहिर उभिएका मान्छेहरू अचानक तारबार तोड्दै ग्वारग्वारती चामलका बोराहरू राखिएको ठाउँतिर लम्के। हजारौं भोका मान्छेहरूका बीचमा बीच पच्चीस बोरा चामल तिलको दाना जत्ति पनि थिएन। मान्छेहरू चामलका बोरामाथि खनिए। लुछाचुँडी सुरु भयो। बोराहरू च्यातिएर चामल भुइँमा पोखियो। पोखिएको चामलमाथि मान्छेहरू यसरी झम्टन पुगे मानौं हजारौं भोका चराहरूले बल्ल आहार फेला पारेका हुन्। कसैले चामलले गादो भरे, कसैले टोपी भरे, कसैले दौरा निकालेर कुटुरो बाँधे, कसैले बक्खुमा खल्तीहरू भरे, कसैले गुनिउँको पोल्टो बनाए। समयको छोटो अन्तरालमा नै हुम्लाको विमानस्थलको चौरमा च्यातिएका बोराका केही बोराका केही टुक्राहरूबाहेक एक गेडो पनि चामल बाँकी थिएन " (पृ ११३)। यसप्रकार अभिघातीय पीडा सहन नसकी विस्थापित भएका मानिसहरूको यो भोकको अवस्था हेर्दा द्वन्द्वको मारले मानिसहरू कतिसम्म आहत बनेका छन् र उनीहरू भोकलाई कसरी सहेर राहतको पर्खाईमा आशाको त्यान्द्रो बाली बाँचिरहेका छन् भन्ने कुरा पुष्टि हुन्छ। मानिस जतिसुकै यातना पीडा र प्रताडना सहेर भए पनि बाँच्न चाहन्छ तर विद्रोही पक्षबाट गाउँबाट विस्थापित भई अभिशप्त जीवन बाँचिरहेको अवस्थामा राज्यले केही सहयोग गर्दा भन्ने झिनो आशामा बाँचिरहेका हुम्लीहरूको अन्नको दाना पेटमा नपरेर निधन हुनुले राज्यपक्षको उदासीनता र अकर्ण्यतालाई धिक्कार्दै मर्न विवश पात्रहरू अभिघातीय पीडा र यातनाको सिकार भई जीवन गुमाउन बाध्य भएका छन्। तसर्थ प्रस्तुत कथामा व्यक्ति पात्र मात्र नभई सिङ्गो गाउँ र सिङ्गो जिल्लाबासी नेपालीहरू अभिघातीय पीडाको सिकार भएकाले यो कथा पूर्ण रूपमा अभिघातीय चेतनाले भरिएको कथा हो भन्ने कुरा पुष्टि हुन्छ।

**निष्कर्ष**

कथाकार महेशविक्रम शाहको *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्कलित 'किडी जियाले कर्नालीमा हाम फालिन्' अभिघातीय पीडा अभिव्यक्त गरिएको कथा हो। प्रस्तुत कथामा हुम्लाको जाजरकोट, दुर्पा लगायतका गाउँहरूबाट सशस्त्र विद्रोहीहरूको आतङ्क र भयले विस्थापित भएका किडी जिया म लगायतका गाउँलेहरूको अभिघातीय पीडालाई प्रस्तुत गरिएको छ। यस कथाकी प्रमुख पात्र किडी जिया हुन्। जो हुम्लाको जाजरकोटबाट विस्थापित भई आफ्नो चौध वर्षे छोरो नरमानसँग सिमीकोटमा आएर जीवन सङ्घर्ष गर्दागर्दै अभिघातीय पीडाबाट मुक्त हुन नसकी कर्नालीमा हाम फाली जीवन समाप्त गर्न बाध्य भएकी छन्। आफ्नो घरमा पालिएका गाईबाख्रा, खेतीपाती, भोटेकुकुर आदि सबैको सम्झना गर्दागर्दै र कुनै न कुनै दिन गाउँ फर्कन पाउने अभिलाषाले सिमीकोटमा कहिले ढुङ्गा बोक्दै, कहिले होटलमा भाँडा माझ्दै जीवन चलाइरहेकी किडी जियाको एक मात्र छोरो जीवन बाँच्ने आधार नरमान अचानक बेपत्ता भएपछि उनको बाँच्ने आशा नै हराइसकेको थियो तर गाउँ फर्कन पाउने झिनो आशा लिएर विद्रोहीसँग पुगेकी किडी जियाले विद्रोहीहरूले घर फर्कन नदिएपछी उनको जीवनको सम्पूर्ण चाहना र आशाहरू समाप्त भए। विद्रोहीले उनलाई घर फर्कन नदिई सदरमुकाम नै फर्काइदिए। यसबाट उनमा जीवनप्रतिको आशा हराउँदै गयो र उनी कर्नालीमा हाम फाल्न बाध्य भइन्। यसप्रकार विद्रोहीहरूको त्रासका कारण एउटा परिवार मात्र विस्थापित भएन उनको जीवन लीला नै समाप्त भयो। तसर्थ प्रस्तुत कथा नेपाली कथा परम्पराको द्वन्द्वकालीन परिवेशलाई लिएर लेखिएको पूर्ण अभिघातीय पीडा अभिव्यक्त भएको कथा हो भन्न सकिन्छ। प्रस्तुत कथामा व्यक्ति पात्र मात्र होइन पूरै हुम्लेलीहरू अभिघातीय पीडा सहन बाध्य भएका छन्। उनीहरू विद्रोहीहरूको यातनाको सिकार भएर अभिशप्त जीवन बाँच्न बाध्य छन्। तसर्थ प्रस्तुत कथा पूर्ण युद्धजन्य पीडाजन्य यातनाजन्य शारीरिक तथा मानसिक अभिघातका कारण क्षतविक्षत हुन पुगेको मानवीय जीवन मानवीय मनोदशा र पूरै गाउँ नै सुनसान बन्न पुगेको अभिघातीय कारुणिक कथा हो भन्न सकिन्छ।

## सन्दर्भसामग्री


अधिकारी, डिल्लीप्रसाद (२०६९), *छापामारको छोरो कथासङ्ग्रहका कथाहरूको अभिघातीय अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय महेन्द्र बहुमुखी क्याम्पस धरान।

कोइराला, कुमारप्रसाद (२०६८), *आख्यान विमर्श,* काठमाडौं: ओरिएन्टल पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमाडौः ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि.।

*नेपाली बृहत् शब्दकोश*, (२०६७), छैटौं संस्करण, काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

न्यौपाने, सुभाषचन्द्र (२०७५), धृतराष्ट्र खण्डकाव्यमा अभिघातीय चेतना, *ज्ञानदीप, विज्ञसमीक्षित जर्नल, वर्ष* ५, *अङ्क* ३, पृ. ३५-४६।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौः मोर्डन बुक्स।

भट्टराई, टंकप्रसाद (२०७८), गाउँमा गीतहरू गुन्जिदैनन् कथामा अभिघात, *प्रज्ञान,* विज्ञसमीक्षित अनुसन्धानमूलक पत्रिका वर्ष ९, अङ्क ६, पृ. १-८।

मल्ल, गोविन्दबहादुर गोठाले (२०६६), 'भूमिका' *छापामारको छोरो* (छै.सं.), लेखक महेशविक्रम शाह, साझा प्रकाशन।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौः क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज (२०६९), 'दुई शब्द' *सिपाहीकी स्वास्नी* (दो.सं.), लेखक महेशविक्रश शाह, साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०६४), *छापामारको छोरो* (चौथो संस्करण), ललितपुरः साझा प्रकाशन ।